मैवाखोला गाउँपालिका

# मैवाखोला राजपत्र

## मैवाखोला गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड (४) साँघु, ताप्लेजुङ, बैशाख महिना १ गते २०८२ साल (संख्या ६ )**

## भाग-२

**मैवाखोला गाउँ कार्यपालिकाबाट “मैवाखोला गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड,२०८२” स्वीकृत भई सर्वसाधारणको जानकारीका लागि मैवाखोला राजपत्रमा प्रकाशन गरिएको छ ।**

मैवाखोला गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०८२/०१/०१

राजपत्रमा प्रकाशित मितिः २०८२।०१।०५

## मैवाखोला गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड, २०८२

*गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत मितिः २०८२/०१/०१*

**प्रस्तावनाः** उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कार तथा सम्मान प्रदान गरी कामप्रति जिम्मेवार र जवाफदेही बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी मैवाखोला गाउँपालिकाले यो मापदण्ड बनाएको छ।

### १. संक्षिप्त नाम र प्रारम्भः

क) यस मापदण्डको नाम " मैवाखोला गाउँपालिकाको पुरस्कार तथा सम्मान सम्बन्धी मापदण्ड २०८२" रहेको छ।
ख) यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

### २. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) 'गाउँपालिका' भन्नाले गाउँपालिका कार्यालय, अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।
ख) 'कर्मचारी' भन्नाले गाउँपालिकाको कार्यालय,गाउँपालिका अन्तर्गतका वडा कार्यालय र स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीलाई जनाउँछ।
ग) 'जनप्रतिनिधि' भन्नाले गाउँसभा सदस्यलाई जनाउँछ।
घ) 'विषयगत शाखा' भन्नाले गाउँपालिकाको कार्यालय अन्गतर्गतको शाखालाई जनाउँछ।
ङ) 'वडा कार्यालय' भन्नाले मैवाखोला गाउँपालिकाको ६ वटै वडालाई जनाउँछ।
च) 'स्वास्थ्य संस्था' भन्नाले मैवाखोला गाउँपालिकाका सबै स्वास्थ्य संस्थाहरुलाई जनाउँछ।

### ३. पुरस्कार तथा सम्मानका लागि कर्मचारी छनौटका सूचकहरुः

क) कार्यालय समयका अतिरिक्त कार्यालयलाई पुर्‍याएको योगदान
ख) जनप्रतिनिधिसँग समन्वय र आपसी सञ्चार
ग) दैनिक कार्यसम्पादन पुस्तिकाको प्रयोग
घ) काममा दक्षता तथा अभिलेखिकरण
ङ) सामूहिक कार्यमा संलग्नता
च) सिर्जनशीलता र असल अभ्यास
छ) सेवाग्राहीप्रतिको व्यवहार
ज) कार्यसम्पादन पछि प्राप्त उपलब्धि
झ) नेतृत्व क्षमता
ञ) समयपालना, अनुशासन एवम् कार्यालय पोसाक
ट) खेल प्रति अभिरुची लगनशिल दक्षता तथा उत्कृष्टता

### ४. पुरस्कारका लागि छनौट गरिनेः

क) दफा (३) बमोजिमका सूचकका आधारमा प्रत्येक आर्थिक वर्षको अन्त्यमा गाउँपालिका अन्तरगत शाखागत उत्कृष्ट कर्मचारी छनौट गरी सम्मान तथा पुरस्कृत गरिनेछ।

ख) पुरस्कार तथा सम्मानका लागि प्रदान गरिने जिन्सी तथा नगद गाउँ कार्यपालिकाको बैठकले निर्धारण गरे बमोजिम गर्नेछ।

ग) दफा ३ बमोजिम पुरस्कृत हुने व्यक्तिलाई अनुसूची १ बमोजिमको ढाँचामा सम्मान-पत्र प्रदान गरिनेछ।

घ) यसरी कर्मचारी छनौट गर्नुपूर्व पुरस्कृत हुन योग्य कर्मचारी छनौट गरी सम्बन्धित वडा र स्वास्थ्य चौकीको हकमा वडा अध्यक्ष र गाउँपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिका बैठकमा सिफारिस गर्नेछ।

ङ) वडा अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले गरेको सिफारिसको आधारमा दफा (३) को सूचक बमोजिम कार्यपालिकाले मूल्याङ्कन गरी उत्कृष्ट कर्मचारी छनौट गर्नेछ।

च) कर्मचारीहरुलाई कामप्रति उत्प्रेरित गर्दै कार्यालयको हितमा अधिकतम उपयोग गर्न उत्कृष्ट कर्मचारी (Employee of the month) को रुपमा कर्मचारीलाई कार्यपालिकाले छनौट गर्नेछ।

**५. संशोधन वा खारेज गर्न सक्नेः** मैवाखोला गाउँ कार्यपालिकाले आवश्यक ठानेको खण्डमा मापदण्ड संशोधन तथा खारेज गर्न सक्नेछ ।

अनुसूची -१

उत्कृष्ट कर्मचारी, जनप्रतिनिधिलाई प्रदान गरिने सम्मानपत्रको ढाँचा

मैवाखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

साँघु, ताप्लेजुङ
कोशी प्रदेश, नेपाल

## सम्मान पत्र

मैवाखोला गाउँ कार्यपालिकाको मिति .....................................को निर्णय अनुसार गाउँपालिकाकाको कार्य सम्पादनमा पुर्‍याउनुभएको विशिष्ट योगदानको उच्च मूल्याङ्कन गर्दै तपाईं श्री.....................................लाई आ.व..........को सर्वोत्कृष्ट/उत्कृष्ट कर्मचारी/जनप्रतिनिधि को सम्मान सहित स-धन्यवाद यो सम्मानपत्र प्रदान गरिएको छ। साथै तपाईंको उत्तरोत्तर प्रगति एवम् उज्जवल भविष्यको कामना गर्दछौं।

प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष

आज्ञाले,
लक्ष्मी माया गोम्देन
नि.प्रमुख प्रशासकीय अधिकृत